महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०८१/८२

सुवर्ण गाउँपालिका, बारा

८०२२१५०९३००

बारा



CamScanner

निर्णय अनुसार विद्यालयको जिर्ण भवन भत्काउदा प्राप्त भएका काठ तथा अन्य सामानहरु सोही स्थानबासी बिरेन्द्र यादवलाई बिक्री गरी रू.१९००००।०० असुल गरेको देखिएकोमा उक्त बिक्री रकममा लाग्ने मुअकर रू.२४७००।०० असुल गरी संघको बेरुजु खाता मुअकर शीर्षकमा दाखिला गर्नुपर्दछ।

| असुल गर्नुपर्ने | २४,७०० |
|---|---|

७६ **पोखरी ठेक्का**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ। पालिकाले उलब्ध गराएको विवरण अनुसार पालिकाको निम्नानुसार पोखरीहरु आय ठेक्कामा लगाएकोमा यो वर्ष अर्थात आर्थिक वर्ष २०८१।८२ को अन्त्यसम्म निम्नानुसार रू.१ करोड ३४ लाख ३२ हजार ८०१ राजस्व बक्यौता रहेको देखियो। पालिकाले उठ्न बाँकी रकमको लगत समेत तयार गरेको छैन। जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत यकिन हुदैन। वास्तविक प्राप्तिको अभिलेख तयार गरी सोही अनुसार आयको लेखाङ्कन गरी निम्नानुसार रकम सम्झौताअनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्ने रु.

| क्र.स | पोखरीको नाम | ठेकेदारको नाम | जम्मा सम्झौता रकम | २०८१।८२ सम्म बुझाउनुपर्ने रकम | २०८१।८२ सम्म बुझाएको रकम | हालसम्म बुझाउन बाँकी रकम |
|---|---|---|---|---|---|---|
| १ | बोर्डर छेउ पोखरी | दिनेश प्रसाद | ३१००५५१ | ३१००५५१ | १८४०१५० | १२६०४०१ |
| २ | सुखलैया पोखरी | धर्मविर प्रसाद यादव | १७५१००० | १७५१००० | ३५०५०० | १४००५०० |
| ३ | इटाही पोखरी | रामबालक महतो | ४२७५००० | ८५५०००( अन्य किस्ता बुँझाउन म्याद बाँकि रहेको ) | ६३५००० | २२०००० |
| ४ | देवापुर पोखरी | प्रमोद कुमार साह | ३५००००० | ३५००००० | २३००००० | १२००००० |
| ५ | हर्दिया प्रशसुरामपुर संयुक्त पोखरी | रामकिशोर प्रसाद | २०१५००० | २०१५००० | १२०९००० | ८०६००० |
| ६ | संतगंज पोखरी | विधालाल प्रसाद | २११०००० | २११०००० | ८१५००० | १२९५००० |
| ७ | औरिया पोखरी | विधालाल प्रसाद | ९१००००० | ९१००००० | १८४९१०० | ७२५०९०० |
|  |  |  |  |  |  | १३४३२८०१ |

| असुल गर्नुपर्ने | १,३४,३२,८०१ |
|---|---|

७७ **राजस्वको एकीकृत अभिलेख प्रणाली**

पालिकामा साग्रिला राजस्व सफ्टवेयर प्रणालीमार्फत रु. २,५०,९२७, वडाँ नं. ७ बाट नगदी रसिदमार्फत रु. २,६७,५६० र अन्य राजस्व सुत्र मोडलमार्फत राजस्व संकलन गरिएको पाइयो। एउटै पालिकाले फरक–फरक प्रणाली (साग्रिला, सुत्र तथा नगदी ठेली) प्रयोग गरी राजस्व संकलन गर्दा व्यवस्थापनमा जटिलता उत्पन्न हुने, राजस्व दोहोरो लेखिने वा छुट हुने सम्भावना रहने र आन्तरिक नियन्त्रणमा कमजोरी देखापर्ने अवस्था देखिन्छ। यसकारण सम्पूर्ण राजस्व संकलनलाई एकीकृत प्रणालीमा आवद्ध गर्दै सुत्र प्रणालीमार्फत मात्र राजस्व संकलन गर्ने व्यवस्था मिलाउनु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

**सामुदायिक वन क्षेत्रको वन पैदावर बिक्री**



CamScanner

सैद्धान्तिक बेरुजु

१२.२ **कार्य स्वीकार प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायबाट सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएका मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले निर्माण कार्य सम्पन्न भए पश्चात नियमावली बमोजिम कार्य स्वीकार प्रतिवेदन तयार गर्नु गर्नेमा त्यस्तो कार्य स्वीकार प्रतिवेदन तयार भएको देखिएन। नियमावलीमा भएको व्यवस्था कार्यान्वयन हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१२.३ **गुणस्तर :** ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११ अनुसार गुणस्तर परीक्षण तथा नियन्त्रण गर्नुपर्ने व्यवस्था छ। PSC Pole, ACSR Conductor wire, 200 KVA Three Phase,100 KVA Three Phase जस्ता आईटमहरुको भुक्तानी हुँदा गुणस्तर परीक्षण प्रतिवेदन वा ल्याव टेष्ट रिपोर्ट संलग्न नरहेकोले काम गुणस्तरीय भएको छ भनी एकिन हुन सकेन ।कामको गुणस्तर परिक्षण गरी गुणस्तर आश्वस्त भए पश्चात मात्र भुक्तानी दिनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## अनुगमन लेखापरीक्षण

१३ बेरुजु तथा सम्परीक्षण

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औंल्याइएका बेरुजु सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्योट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजुसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ। कार्यालयले २०८२ सम्मको बाँकी बेरुजु रु.३२२५७३८८१।०० रहेको सम्परीक्षणको लागि कुनै बेहोरा पेश भएन। सम्परीक्षण सम्बन्धमा उक्त प्रणाली मार्फत जानकारी गराइनेछ।

**(ख) अध्यावधिक बेरुजुको अवस्थाः** यस **सुवर्ण गाउँपालिका, बारा** को २०८२ सम्मको फर्स्योट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ। नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको सम्परीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु सम्परीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ।

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजु (A) | यो वर्ष सम्परीक्षण गरिएको बेरुजु(B) | यो वर्ष कायम बेरुजु(C) | सम्परीक्षणबाट कायम बेरुजु(D) | अध्यावधिक बाँकी बेरुजु (E=A-B+C+D) |
|---|---|---|---|---|---|
| १ | ३२२५७३८८१।०० | 0 | १८३१३४३७।०० | ० | ३४०८८७३१८।०० |

## अनुसूचीहरू

अनुसूची - १

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : सुवर्ण गाउँपालिका, बारा , बारा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुजित कुमार यादव | २०८१-१-२० | २०८२-०४-१० |
| कार्यालय प्रमुख | श्री श्याम चौधरी | २०८२-०४-११ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | प्रिन्स कुमार साह | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १५,००९,६९८ | १,१३३,९५७ | १,४६९,७८२.०७ | ० | ० | ७००,००० |
| | | | | जम्मा बेरुजु रकम | १८,३१३,४३७.०७ |
| | | | | लेखापरीक्षणको क्रममा असुली रु | ० |

स्थानीय तह :



https://nams.oag.gov.np

CamScanner